# अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : २४ मिति : २०८०/११/३०


## भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको एकल महिला सुरक्षा कोष (संञ्चालन) कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत

२०८०।११।२९

**प्रस्तावना** : अपिहिमाल गाउँपालिका भित्रका सामाजिक तथा आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा एकल महिलाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीयस्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न वाञ्छनीय भएकाले,

एकल महिला सुरक्षा कोष (सञ्चालन) पहिलो संशोधन नियमावली, २०७६ दफा ३ख र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको कार्यविधि बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “अपिहिमाल गाउँपालिकाको एकल महिला सुरक्षा कोष (सञ्चालन) कार्याविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(घ) "उपाध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) "कोष" भन्नाले कार्यविधिको दफा ४ वमोजिमको स्थापना हुने कोष सम्झनु पर्दछ ।

(छ) "कार्यलय" भन्नाले अपिहिमाल गाउँपालिकाको कार्यलय सम्झनु पर्दछ । सो शब्दले गाउँपालिका अन्तरगतका वडाको वडा कार्यालय समेतलाई जनाउदछ।

(ज) "सामाजिक तथा आर्थिक दृष्टिले विपन्न वर्गका एकल महिला" भन्नाले कार्यविधिको दफा ११ बमोजिमका एकल महिलालाई सम्झनु पर्दछ ।

(झ) "सञ्चालक समिति" भन्नाले कार्यविधिको दफा ५ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

३. **कोषको उदेश्य** : कोषको उदेश्य देहाय बमोजिमको हुनेछ ।

(क) अति विपन्न र जोखिम अवस्थामा रहेका एकल महिलाको उद्धार गर्ने,

(ख) जोखिम अवस्थामा रहेका एकल महिलालाई राहत उपलब्ध गराउने,

(ग) सामाजिक आर्थिक दृष्टिले कमजोर एकल महिलाहरुलाई आवश्यक औषधि उपचार र कानुनी सहायता उपलब्ध गराउने ।

४. **कोषको स्थापना** : (१) सामाजिक तथा आर्थिक दृष्टिले कमजोर र आपतकालिन अवस्थामा रहेका गाउँपालिका भित्रका एकल महिलाहरुको हित, सामाजिक आर्थिक दृष्टिले संरक्षण तथा प्रवर्द्धन गर्न एकल, कमजोर आपतकालिन अवस्थामा रहेका महिला सुरक्षा कोष स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

(क) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त रकम
(ख) गाउँपालिकाले कोषका लागि विनियोजन गरेको रकम
(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम
(घ) स्वदेशी व्यक्ति, वा संघ वा संस्थाबाट प्राप्त रकम
(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

५. **<u>कोषको खाता संञ्चालन</u>** : कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

६. **<u>सञ्चालक समितिको गठन</u>** : सामाजिक तथा आर्थिक रुपमा कमजोर तथा विपन्न एकल महिला सुरक्षा कोष सञ्चालन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ग) सामाजिक विकास समितिको संयोजक -सदस्य
(घ) स्वास्थ्य शाखा प्रमुख -सदस्य
(ङ) गाउँपालिका स्थित नेपाल प्रहरीको स्थानीय कार्यलयको इन्चार्ज -सदस्य
(च) एकल महिलाको क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संस्थाहरु मध्येबाट समितिले तोकेको एकजना प्रतिनिधि -सदस्य
(छ) महिला बालबालिका तथा समाज कल्याण इकाई प्रमुख -सदस्य सचिव

७. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u>** : सञ्चालक समितिका काम र कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एकल महिलाबाट सहयोग माग भई आएका निवेदन उपर छानविन गर्ने,
(ख) कुनै एकल महिला विपन्न तथा जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,
(ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा नगद वा अन्य सहयोग गर्ने र सोको विवरण अद्यावधिक गर्ने,
(घ) प्रत्येक वर्षमा कार्य प्रगति विवरण गाउँपालिकामा पेश गर्ने,
(ङ) वडा कार्यलयको समन्वयको विपन्न तथा आपतकालिन अवस्थामा एकल महिलाको तथ्याङ्क सङ्कलन गर्ने/गराउने,
(च) एकल महिला सुरक्षा कोषको रकम दुरुपयोग हुन नदिन आवश्यक कदम चाल्ने,

(छ) एकल महिला सुरक्षा कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

(ज) कोषको आय व्ययको विवरण अद्यावधिक गरी गाउँपालिकामा पेश गर्ने,

(झ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने,

(ञ) एकल महिलाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग आवश्यक समन्वय गर्ने,

८. **<u>रकम उपलब्ध गराउन सक्ने</u>** : (१) विपन्न एकल महिला जुन आपतकालिन अवस्थामा रहेको र तत्काल उद्धार गर्न, कानुनी उपचार, मनोसामाजिक परामर्श, औषधि उपचार पुर्नस्थापना, राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा पाँच हजार रुपैँया सम्म पछि अनुमोदन हुने गरी संयोजकबाट, पन्ध्र हजार रुपैँया सम्म समितिको निर्णयबाट र पन्ध्र हजार भन्दा माथि कार्यपालिकाको निर्णय बमोजिम रकम पीडित महिलालाई उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकल महिला पीडितलाई उपलब्ध गराएको रकम सञ्चालक समितिको बैठकमा सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

९. **<u>सञ्चालक समितिले गर्न नहुने कार्यहरू</u>** : (१) कोषको रकम हिना मिना गर्ने वा कोषको उदेश्य विपरित समितिको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,

(२) आपतकालिन अवस्थाका एकल महिलाहरुको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न,

(३) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न ।

१०. **<u>सञ्चालक समितिको बैठक</u>** : सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

(क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार,

(ख) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ ।

(घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अध्यावधिक गर्नेछ ।

(ङ) सञ्चालक समितिको सचिवालय गाउँपालिकाको महिला बालबालिका तथा समाज कल्याण इकाईमा रहनेछ ।

११. **<u>सामाजिक तथा आर्थिक दृष्टिले कमजोर विपन्न एकल महिला</u>** : सामाजिक तथा आर्थिक दृष्टिले कमजोर विपन्न एकल महिला भित्र देहायका एकल महिला पर्नेछन् ।

(क) अति जोखिम अवस्थामा रहेका एकल महिला,

(ख) सामाजिक तथा आर्थिक अवस्था कमजोर रहेको विपन्न एकल महिला,

(ग) कोही पनि संरक्षक नभएको अति विपन्न एकल महिला,

(घ) सञ्चालक समितिको निर्णयबाट छनौट भएको आपतकालिन अवस्थामा रहेका एकल महिला ।

१२. **निवेदन दिन सक्ने** : एकल महिलाको उद्धार तथा राहतको लागि परिचय खुल्ने गरी गाउँपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला व्यक्तिले कार्यालयमा अन्तरगत महिला, बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

१३. **कोषको लेखापरीक्षण** : कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिमका निकायबाट हुनेछ । लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालयको हुनेछ ।

१४. **कोषको रकम फ्रिज नहुने** : प्रचलित कानून जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१५. **संशोधन तथा बाधा अड्काउ फुकाउ** : (१) यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिका उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१६. **यस कार्यविधि बमोजिम हुने** : (१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भएता पनि यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा संविधान, संघीय कानून, प्रदेश कानून र गाउँपालिकाको अन्य ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर वा खारेजी हुनेछ ।

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत